# संयुक्त राष्ट्रसङ्घीय
# मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल

प्रेस विज्ञप्ति - २०६३ माघ २४

---

## तराईमा हिंसा अन्त्यका लागि मानवअधिकार उच्चायुक्तद्वारा आह्वान

मानवअधिकार उच्चायुक्त लुइस आर्बरले नेपालको तराई क्षेत्रमा जारी हिंसाबारे आज गहिरो चिन्ता व्यक्त गर्नुभयो, जसमा कम्तीमा २३ जनाको मृत्यु भएको छ, अनगिन्ती घाइते भएका छन् र सार्वजनिक तथा निजी सम्पत्ति दुबैको विनास भएको छ ।

“तराईका घटनाहरूको अनुगमन गर्दै आएका हाम्रा मानवअधिकार अधिकृतहरूले विरोधकर्ताहरूबाट भएका हिंसा, एवं सशस्त्र प्रहरी बल र नेपाल प्रहरीबाट भएका अत्यधिक बलको प्रयोगका घटनाहरूको अवलोकन गरेका छन्,” वहाँले भन्नुभयो । सन् २००६ अप्रिलमा भएको विरोधहरूको सुरक्षाफौजले गरेको सञ्चालनबाट पाठहरू सिकिएका छैनन् । प्रदर्शनकारीहरूसँगको व्यवहारमा सरकारले प्रहरीलाई तिनका आफ्ना कार्यका लागि जवाफदेही बनाउनेलगायतका अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वहरूको पालना गर्नुपर्दछ । प्रहरीले सामना गरिरहेका चुनौतीहरू - उनीहरू स्वयंमाथि भएका आक्रमणलगायत - लाई म बुझ्दछु, तर सामना गरेको वास्तविक खतराको अनुपातमा मात्र सुरक्षाफौजले बल तैनाथ गर्नुपर्दछ ।”

प्रदर्शनका आयोजकहरू तथा तिनका अनुयायीहरूले विरोधका शान्तिपूर्ण माध्यमहरूको मात्र प्रयोग गर्न अत्यावश्यक छ भनी उच्चायुक्तले थप जोड दिनुभयो ।

मानवअधिकार रक्षक तथा पत्रकारहरूलाई धम्की आएको वा आफ्नो कार्य गर्नबाट अबरोध खडा गरिएको भन्ने रिपोर्टहरूप्रति आफ्नो विशेष सतर्कता व्यक्त गर्दै उच्चायुक्तले भन्नुभयो, “प्रहरी अधिकारीहरू तथा प्रदर्शनकारी नेताहरूद्वारा मानवअधिकार रक्षक तथा पत्रकारहरूको कार्यमा कुनै पनि प्रकारले बाधा नपुगोस् भनी स्पष्ट निर्देशनहरू दिइनुपर्दछ । चिकित्साकर्मीहरूले पनि निर्बिघ्न कार्य गर्न पाउनुपर्दछ ।”

“सबै संयुक्त राष्ट्रसङ्घका कर्मचारीलाई सबै ठाउँमा र जुनसुकै परिस्थितिमा आफ्नो कार्य गर्न स्वतन्त्र पहुँच तथा आवतजावतको स्वतन्त्रता दिन पनि म नेता तथा तिनका कार्यकर्ताहरूलाई आह्वान गरिरहेकी छु,” वहाँले भन्नुभयो ।

“हालैको मेरो नेपाल भ्रमणको क्रममा सन् २००६ अप्रिलयता मानवअधिकारमा भएको प्रगतिबाट म उत्साहित भएकी थिएँ । हाल बिग्रेर गएको स्थिति अत्यन्त चिन्ताजनक छ । सबै पक्षले हिंसालाई रोक्न आफूले गर्नसक्ने सबै गर्न एवं भेदभाव र प्रतिनिधित्वको मुद्दालाई सम्बोधन गर्न अत्यन्त आवश्यक छ । भेदभावको अन्त्य गर्ने तथा यो महत्वपूर्ण घडीमा नीति निर्माणका सबै तहमा बहिष्कृत समूहहरूको उपयुक्त प्रतिनिधित्व सुनिश्चित गर्ने कार्य नेपालको राजनीतिक सङ्क्रमणको सफलताका लागि अत्यावश्यक हुनेछ ।

तराईमा वर्तमान स्थितिलाई समाधान गर्न संवादमा सबै पक्षलाई सक्रिय रूपले संलग्न गराउन सुरु गरिएका हालका पहलहरूलाई म स्वागत गर्दछु तथा नेपाललाई अघि बढाउने उपायका रूपमा वार्ताले तत्काल हिंसालाई प्रतिस्थापन गर्नेछ भन्ने आशा गर्दछु ।”

**For further information contact Mr. Chun B. Gurung at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext. 320) - Mobile: 98510 16937 or Email: cgurung@ohchr.org**